# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २७५ | काठमाडौं | शनिबार, २१ माघ २०७९ | Prabhab National Daily | Saturday, February 4, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**सम्पादक राईको सम्झना**

प्रभाव दैनिकका सम्पादक स्व. कमलराज राईको प्रथम वार्षिकीको अवसरमा प्रकाशित 'कमलराज खम्बु 'आने'' स्मृतिग्रन्थ लोकर्पण गर्दै प्रतिनिधिसभा सदस्य रामहरि खतिवडालगायत अतिथिहरू। काठमाडौंको नेपाल प्रज्ञा प्रतिष्ठानमा शुक्रबार आयोजित प्रथम स्मृतिसभामा स्वर्गीय राईको जीवनीमा आधारित वृत्तचित्रसमेत प्रदर्शन गरिएको थियो (समाचार पृष्ठ २ मा)।

*तस्बिर: प्रभाव*

# राष्ट्रपतिमा कांग्रेस–एमालेको हाँपझाँप

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेस र नेकपा एमाले आ-आफ्ना दलबाट हुने राष्ट्रपतिको उम्मेदवारका नाममा राष्ट्रिय सहमति हुनुपर्ने पक्षमा उभिएका छन्। उम्मेदवार भने दुवै दलबाट को-को हुने भन्ने स्पष्ट भइसकेको छैन।

तर, पनि एक दलले अर्का दलका उम्मेदवारको नाममा राष्ट्रिय सहमति गर्न नसकिने संकेत दिएका छन्।

कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीले राष्ट्रपतिका लागि सर्वस्वीकार्य व्यक्ति कांग्रेसमा रहेको र ती व्यक्तिका नाममा राष्ट्रिय सहमति जुटाउनुपर्ने बताए। उनले अन्य कुनै दलमा त्यस्तो सर्वस्वीकार्य व्यक्ति नभएको समेत दाबी गरे। तर, ती सर्वस्वीकार्य व्यक्ति को हुन् भन्नेचाहिँ खुलाएनन्।

'यो सम्मानित संस्था (राष्ट्रपति) को नेतृत्व सर्वस्वीकार्य व्यक्तिले गर्नुपर्नेछ। त्यो व्यक्तित्व नेपाली कांग्रेसभित्र नै छ भन्ने कुरा पनि म यहाँहरूलाई निवेदन गर्न चाहन्छु। ती व्यक्तिको नाममा राष्ट्रिय सहमति जुटाऔं,' शुक्रबार सुनसरीको हरिनगर गाउँपालिकाको प्रशासनिक भवन उद्घाटन गर्दै उनले भने।

२६ पुसमा प्रधानमन्त्री पुष्पकमल दाहाललाई राष्ट्रपतिमा कांग्रेसका उम्मेदवारलाई स्वीकार्य बनाउन पनि

> राष्ट्रपतिमा सर्वस्वीकार्य व्यक्ति कांग्रेसमा छ।
>
> ■ **ज्ञानेन्द्रबहादुर कार्की**
> नेता, नेपाली कांग्रेस
>
> ooo
>
> एमालेको राष्ट्रपति पदको उम्मेदवारलाई प्रतिपक्षी दलले साथ दिए राष्ट्रिय सहमति हुन्छ।
>
> ■ **शंकर पोखरेल**
> महासचिव, एमाले

विश्वासको मत दिएको उनले खुलाए।

'प्रतिनिधिसभाको बैठकमा वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दियौं,' कार्कीले भने, 'त्यो किन भन्दा राष्ट्रपतिमा कांग्रेस उम्मेदवारलाई सर्वस्वीकार्य बनाउन।'

कार्की आबद्ध दल कांग्रेसबाट वरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र नेता डा. शेखर कोइराला राष्ट्रपतिका आकांक्षी छन्।

तर, कांग्रेसले यसअघि भने गैरदलीय व्यक्तिलाई राष्ट्रपति बनाउनुपर्ने अडान राखेको थियो। त्यस्तो अवस्थामा सम्भावित राष्ट्रपतिको उम्मेदवार मन्त्रिपरिषद्का पूर्वअध्यक्षतथाप्रधानन्यायाधीशखिलराजरेग्मी, पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ र बाग्मती प्रदेशका पूर्वप्रमुख अनुराधा कोइरालाको नाम चर्चामा थियो।

निर्वाचन आयोगले २५ फागुनमा राष्ट्रपति निर्वाचन गर्नेगरी कार्यतालिका नै सार्वजनिक गरिसकेको अवस्थामा नेता कार्कीले भने जसरी कांग्रेसबाट को सर्वस्वीकार्य हुनेगरिको राष्ट्रपति उम्मेदवार होलान्? निर्क्योल भइसकेको छैन।

सत्ता गठबन्धनको मुख्य दल नेकपा एमालेका महासचिव शंकर पोखरेलले भने कांग्रेसका उम्मेदवारको नाममा राष्ट्रिय सहमति हुन नसक्ने बताएका छन्। बरू, एमालेका उम्मेदवारका नाममा राष्ट्रिय सहमति जुटाउन सहज रहेको तर्क अघि सारे।

शुक्रबार राष्ट्रिय युवा संघ नेपालको तेस्रो केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्न हेटौंडा पुगेका उनले अन्य दललाई ल्याएर राष्ट्रिय सहमतिमा राष्ट्रपति पाउने सम्भावना नै नरहेको ठोकुवा गरे।

'एमालेको राष्ट्रपतिमा उम्मेदवार हुन्छ। त्यसलाई अन्य प्रतिपक्षी दलले साथ दिए राष्ट्रिय सहमति पनि हुन्छ,' पोखरेलले भने, 'कांग्रेस वा अन्य कुनै दलको उम्मेदवारको नाममा राष्ट्रिय सहमति हुँदैन।'

एमालेबाट राष्ट्रपतिको सम्भावित उम्मेदवारका रूपमा उपाध्यक्षहरू सुवासचन्द्र नेम्बाङ र अष्टलक्ष्मी शाक्यको नाम चर्चामा छ।

वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको दोस्रो कार्यकाल भने आगामी २९ फागुनमा सकिँदैछ। संविधानतः तेस्रो कार्यकाल राष्ट्रपति हुन पाइँदैन। त्यही भएर एमालेले उनलाई फेरि राष्ट्रपतिको उम्मेदवार बनाउने छैन। कतिपयले भने अध्यक्ष केपी शर्मा ओली नै राष्ट्रपति हुन सक्ने पनि अड्कल गरेका छन्।

राष्ट्राध्यक्षको हैसियतमा रहने राष्ट्रपति कार्यकारी पद भने होइन। तर, पनि यो पदप्रति यसपटक दलहरूको चासो बढ्दो छ।

१० पुसमा वर्तमान सत्ता गठबन्धन बन्ने क्रममा राष्ट्रपति र प्रतिनिधिसभाका सभामुख पद एमालेलाई हुने अनौपचारिक समझदारी गठबन्धन दलहरूबीच भएको विवरण सार्वजनिक हुँदै आएको छ। नभन्दै प्रतिनिधिसभाको सभामुख एमालेबाटै देवराज घिमिरे भइसकेका छन्।

राष्ट्रपतिमा भने के होला? यसै भन्न सकिने अवस्था छैन। किनभने प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रिय सहमतिको कार्ड फालेका छन्। उनी भित्रिरूपमा भने राष्ट्रपति कांग्रेसबाट भएको चाहन्छन्। कारण, राज्यशक्तिको महत्त्वपूर्ण सबै पदहरू एमालेलाई नहोस् भन्ने पक्षमा उनी छन्। त्यसले गर्दा राष्ट्रपति एमालेबाटै हुनेमा शंका गर्न थालिएको छ।

**सन्दर्भ : वैदेशिक रोजगार**

मलेसियाका गृहमन्त्रीको नेपाल भ्रमण

# श्रम समझदारीपत्र परिमार्जन गर्ने समझदारी



प्रधानमन्त्री पुष्पकमल दाहालसँग शुक्रबार भएको भेटवार्ताको क्रममा मलेसियाका गृहमन्त्री दतुक सेरी सैफुद्दिन नासुसन इस्माली।

*तस्बिर: रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल र मलेसियाबीच श्रम समझदारी परिमार्जन गर्ने समझादारी भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहालसँग नेपाल भ्रमणमा रहेका मलेसियाका गृहमन्त्री दतुक सेरी सैफुद्दिन नासुसन इस्मालीको टोलीले गरेको भेटपछि दुवै पक्षबीच सो समझदारी भएको हो।

यसका लागि दुवै पक्षका सम्बन्धित निकायले आपसी सहकार्य गर्ने समझदारी भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। नेपाल र मलेसियाबीच २०७५ कात्तिकमा श्रम समझदारी भएको थियो। सो अवसरमा दुवै देशबीच उच्च राजनीतिक तथा प्रशासनिक तहमा भेटघाट तथा संवाद बढाउँदै व्यापार, लगानी, पर्यटन, आर्थिक विकासलगायत क्षेत्रमा मिलेर काम गर्ने विषयमा छलफल भएको थियो।

सो अवसरमा प्रधानमन्त्री दाहालले मलेसियामा रहेका नेपाली कामदारको हित, सुरक्षा र कल्याणको विषय सुनिश्चित गर्नुपर्नेमा जोड दिए। 'मलेसिया सरकारले नेपाली श्रमिकलाई प्रदान गर्दै आएको वातावरणका लागि सरकारका तर्फबाट धन्यवाद दिन चाहन्छु,' उनले भने, 'यदि यो विषयमा केही समस्या भएमा कानुनी तथा संस्थागत सुधार गर्दै मलेसिया सरकारले नेपाली श्रमिकको हित, कल्याण र सुरक्षालाई सुनिश्चित गर्नेछ भन्ने विश्वास लिएका छौं। यो विषयमा मलेसिया सरकारसँग सहकार्य गर्न हामी सदैव तत्पर छौं।'

भेटमा प्रधानमन्त्री दाहालले मलेसिया सरकारका तर्फबाट श्रमिकको न्यूनतम ज्याला, एक हजार २०० रिंगेटबाट वृद्धि गरेर एक हजार ५०० बनाएकामा धन्यवाद दिए। यसका साथै 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्थालाई अझै कडाइका साथ लागू गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रधानमन्त्रीले यसो गर्न सकेमा रोजगार क्षेत्रलाई थप व्यवस्थित बनाउन सकिने बताए।

प्रधानमन्त्री दाहालले मलेसियामा नेपाली श्रमिक इमान्दार र परिश्रमीका रूपमा सुपरिचित भएको उल्लेख गर्दै भविष्यमा नेपाली श्रमिकको संख्यामा वृद्धि गर्न मलेसिया सरकारलाई आग्रह गरे। उनले मलेसियामा नेपाली श्रमिक र श्रम क्षेत्रलाई खुला, पारदर्शी, विश्वासिलो, प्रभावकारी र व्यवस्थित बनाउने विषयमा मलेसिया सरकारको सहयोग आवश्यकसमेत रहेकामा जोड दिए।

'आप्रवासन क्षेत्रलाई थप खुला, पारदर्शी, विश्वासिलो, प्रभावकारी र व्यवस्थित बनाउन मलेसिया सरकारको सहयोग र सहकार्यको अपेक्षा राखेका छौं,' उनले भने। प्रधानमन्त्री दाहालले मलेसिया जाने श्रमिकको सीप, ज्ञान र क्षमता अभिवृद्धि गर्न तथा मलेसियाबाट सिकेको व्यावसायिक ज्ञान र दक्षतालाई नेपालमा उपयोग गर्ने वातावरण बनाउनका लागि समेत दुवै देशले मिलेर काम गर्नुपर्नेमा जोड दिए। यसबाट श्रमिकसमेतलाई उत्प्रेरित गर्ने उनको भनाइ थियो।

भेटमा गृहमन्त्री नासुसन इस्मालीले विदेशी श्रमिकलाई भित्र्याउने प्रक्रिया र त्यहाँ रहँदा कामदारको कल्याण र सुरक्षाका विषयमा मलेसियाली सरकार गम्भीर रहेको बताए। उनले मलेसियाको पाँच वटा आर्थिक क्षेत्रमा कामदारको आवश्यकता रहेको जानकारी दिँदै कामदारको कल्याणका लागि नीतिगत तथा कानुनी ढाँचामा सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले नेपाली श्रमिकको प्रशंसा गर्दै कामदारलाई सहज हुनेगरी अन्य नीतिगत सुधारसमेतका लागि मलेसियाले गृहकार्य गर्ने बताए।




# सम्पादक राईको स्मृतिमा पुस्तक र वृत्तचित्र सार्वजनिक






■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रभाव दैनिकका सञ्चालक तथा सम्पादक स्वर्गीय कमलराज राईको स्मृतिमा प्रकाशित पुस्तक सार्वजनिक गरिएको छ । सम्पादक राईको निधन भएको प्रथम वार्षिकीको अवसरमा शुक्रबार 'कमलराज खम्बु राई 'आने' स्मृतिग्रन्थ' नामक पुस्तक सार्वजनिक गरिएको हो । प्रभाव पब्लिकेसन प्रालिद्वारा यहाँ आयोजित कमलराज राई प्रथम स्मृति दिवस समारोहमा प्रतिनिधिसभा सदस्य रामहरि खतिवडाले उक्त स्मृतिग्रन्थ लोकर्पण गरेका हुन् ।

पुस्तकमा स्वर्गीय राईको स्मृतिमा लेखिएका ७७ लेखकका लेख, सातवटा कविता, उनीसँग सम्बन्धित तस्बिर, वंशावलीलगायत समेटिएको छ । करिब ४२८ पृष्ठको उक्त पुस्तक डा. सुकराज राई, डा. धनप्रसाद सुवेदी, जीवनजित राई र विकास राईले सम्पादन गरेका छन् । पुस्तकको प्रकाशन स्वर्गीय सम्पादक राईकी धर्मपत्नी लालसरा राईले गरेकी हुन् । दुई दशकभन्दा बढी समय पत्रकारितामा सक्रिय राईले विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानलाई दस्तावेजीकरण गर्ने उद्देश्यले स्मृतिग्रन्थ प्रकाशन गरिएको उनले बताइन् ।

सोही अवसरमा सम्पादक राईको जीवनीमा आधारित वृत्तचित्रसमेत प्रदर्शन गरिएको थियो । वृत्तचित्र अधिवक्ता गिरीराज राई, लंकसेर राईलगायतले तयार पारेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य खतिवडाले स्मृतिग्रन्थ प्रकाशन गर्ने कार्य प्रशंसानीय भएको बताए । 'मान्छे बाँचेर मरिरहेका हुन्छन्, तर कमलराज राईको स्मृतिग्रन्थ प्रकाशन गरी मरेर बाँच्ने काम गरिदिनुभएको छ, धन्यवाद,' उनले भने ।

उनले कमलराज एक परिपक्व, इमान्दार र लगनशील व्यक्ति भएको स्मरण गरे । 'प्रजातन्त्रप्रति अटल विश्वास राख्ने, जातीय संस्कार संस्कृतिलाई पनि सम्मान गर्ने, सबैलाई समेटेर गयो भने मात्रै राष्ट्रियता बलियो हुन्छ भन्ने प्रस्ट विचार बोक्ने व्यक्ति हुनुहुन्थ्यो,' सांसद खतिवडाले सम्झिए, 'उहाँजस्तो परिपक्व, इमान्दार र लगनशीलता भएको व्यक्तिमा भगवान्को पनि आँखा लागेको हो कि ?' कमलराज र आफू पढेको विद्यालयमा उनलाई सधैं सम्झिने कार्यक्रम बनाउने उनले आग्रह गरे । यसका लागि सहयोग गर्ने प्रतिबद्धतासमेत उनले जनाए ।

पूर्वसांसद टंक राईले 'खम्बुवान' नामक पत्रिका प्रकाशनदेखि निरन्तर सहकार्य गरेको स्मरण गरे । उनले कमलराज संघर्षशील व्यक्तित्व भएको उल्लेख गर्दै विभिन्न पेसा व्यवसाय हुँदै पत्रकारितामा स्थापित भएको बताए । पूर्वसांसद राईले कमलराज जस्तो बहुप्रतिभाशाली व्यक्तित्वलाई गुमाउनु पत्रकारिता क्षेत्र र समग्र समाजका लागि ठूलो क्षति भएको चर्चा गरे ।

त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार विभागका विभागीय प्रमुख प्राध्यापक चिरञ्जीवी खनालले एक जना होनहार विद्यार्थी गुमाउनुपरेको बताए । पत्रकारिता पेसासँगै अध्ययनलाई समेत अगाडि बढाउने कमलराजको अठोट उदाहरणीय भएको उनको भनाइ थियो । विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि उनको स्मृतिग्रन्थ उपयोगी हुने प्राध्यापक खनालले बताए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सान्तराम बिडारीले नेपाली पत्रकारिता क्षेत्रका एक इमान्दार पत्रकार गुमाउनुपरेको बताए । 'कमलजी अरुभन्दा पृथक पत्रकार हुनुहुन्थ्यो, आफ्नो कुरा प्रस्टसँग राख्ने उहाँ साथीभाइका लागि जस्तोसुकै सहयोग गर्न पनि तयार हुनुहुन्थ्यो,' उनले भने । साना लगानीका सञ्चारमाध्यमहरूको पक्षमा आवाज उठाउने र जुनसुकै बेला जुट्न तयार हुने गरेको पनि उनले स्मरण गरे ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका अध्यक्ष सूर्य सुवेदीले शाखाले कार्यसमिति सदस्य मात्रै नभएर एक अभिभावकलाई गुमाउनुपरेको बताए । 'हामीलाई आवश्यक पर्दा जुनसुकै विषयमा सल्लाह दिनुहुन्थ्यो, उहाँकै सल्लाहमा हामीले निर्णय गर्थ्यौं,' अध्यक्ष सुवेदीले भने, 'अहिले हामीलाई त्यही अभिभावकत्व दिने व्यक्तिको अभाव भइरहेको छ ।' उनले काठमाडौं शाखाबाट कमलराजलाई पछिसम्म सम्झिनेगरी 'कमलराज राई स्मृति पत्रकारिता पुरस्कार' स्थापना गर्ने घोषणासमेत गरे ।

प्रभाव पब्लिकेसन प्रालिका प्रबन्ध निर्देशक कृष्णबहादुर कार्कीले नेपाली पत्रकारितामा कमलराजको योगदान अविष्मरणीय रहने बताए । उनले कमलराजको सपनालाई साकार बनाउने प्रयास संस्थाले गरिरहेको उल्लेख गरे । 'कमल सर आज भौतिकरूपमा हामीमाझ नभए पनि हाम्रो स्मृतिमा उहाँ रहिरहनुभएको छ । नेपाली पत्रकारिता क्षेत्रमा उहाँको योगदान सधैं अविष्मरणीय रहने नै छ,' कार्कीले भने, 'यसरी नै उहाँलाई सम्झने, सकेसम्म उहाँको सम्मानमा अझ रचनात्मक कार्यहरू गर्ने प्रयास हामी गर्नेछौं ।'

कार्यक्रममा श्रीराम राईले स्मृतिग्रन्थमाथि समीक्षात्मक टिप्पणी राखेका थिए । यस्तै सम्पादकमण्डलको तर्फबाट डा. सुकराज राईले मन्तव्य राखेका थिए ।

सम्पादक राईको गत वर्ष माघ २० गते ४६ वर्षको उमेरमा असामयिक निधन भएको थियो । विभिन्न सञ्चारमाध्यम हुँदै उनी विगत नौ वर्षयता प्रभाव दैनिकमा आबद्ध थिए । सहसम्पादकका रूपमा प्रभावसँग जोडिएका उनी पछि सम्पादक र प्रभाव पब्लिकेसन प्रालिका अध्यक्षको जिम्मेवारी लिएर काम गर्दै आएका थिए । उनले खास खबर साप्ताहिकसमेत प्रकाशन/सम्पादन गर्दै आएका थिए ।

## महानगरले सुरू गऱ्यो लघु उद्यम विकास कार्यक्रम

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास तथा लैंगिक सचेतना कार्यक्रम सञ्चालन गरेको छ । न्यून आयस्तर तथा वेरोजगार महिला तथा युवाहरूलाई लक्षित गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रममा बोल्दै महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले विगतमा पनि महिलाहरूका लागि महानगरले विभिन्न सीपमूलक तालिमहरू प्रदान गर्दै आइरहेको भएता पनि तालिमबाट उपलब्धि नभएको बताइन् । लघु उद्यमी विकास तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्न आग्रह गर्दै उनले महानगरपालिकाले एक वडा एक नमूना सीपका रूपमा कार्यक्रम अगाडि बढाइरहेको जानकारी दिइन् ।

सबैले फरक-फरक व्यवसाय गरेमा सबैलाई फाइदा हुने र सबैको व्यवसायमा सहकार्य आवश्यकता रहेको उपप्रमुख डंगोलले बताइन् । तालिम लिंदा ऊर्जा कायम राख्न आग्रह गर्दै तालिममा सहभागी सबै जना उद्यमी भएर अगाडि बढ्ने अपेक्षा गरेको उनको भनाइ छ । वडा नम्बर २१ का वडाध्यक्ष चुडामणि बज्राचार्यले लघु उद्यम विकास तालिमलाई व्यवहारमा लागू गर्न आग्रह गरे । तालिममा व्यवसाय कसरी गर्ने, व्यवसाय भनेको के हो ? व्यवसायबाट हुने फाइदा, महत्त्व, व्यवसायले देशको आर्थिक स्थितिमा कस्तो परिवर्तन ल्याउँछ, व्यवसायबाट आफ्नो जीवनस्तर उकास्नमा कतिको सहयोग पुग्छ र सफल उद्यमी कसरी बन्नेलगायत विभिन्न विषयबारे जानकारी गराइएको थियो । तालिममा सहभागीहरूले व्यवसाय गर्न चाहेको व्यवसाय छनोट गरेर उक्त व्यवसायका बारेमासमेत प्रस्ट पारिएको थियो । व्यवसाय गर्नेहरूलाई व्यवसायका लागि चाहिने विभिन्न सामग्री तथा उपकरणहरू समेत प्रदान गरिने र उनीहरूले उत्पादन गरेको बस्तुहरूलाई बजारीकरणका लागि समेत सहयोग गर्ने गरेको उद्यमी विकास सहजकर्ता अञ्जलि बोगटिले बताउनुभयो ।

महिला उद्यमीहरूले सीपमूलक तालिम लिइसकेपश्चात् उनीहरूलाई व्यवसाय गर्नका लागि अलमल पर्ने, लगानीमा समस्याजस्ता विभिन्न चुनौतीहरू खेप्नुपर्ने अवस्था रहेकाले महानगरपालिकामा उद्यमशीलतासम्बन्धी विज्ञहरूको व्यवस्थापन गरेमा व्यवसायीहरूलाई सहज हुने अर्का उद्यमी विकास सहजकर्ता देवकी घिमिरेको भनाइ छ । लघु उद्यम विकास तालिमबाट धेरै कुरा सिकेको र सिकेका कुराहरूलाई अरुलाई समेत सिकाउने तालिमका सहभागीहरूले बताए ।

महानगरपालिकाका प्रमुख, उपप्रमुख, विभागीय प्रमुख, एक जना महिला उद्यमी, वित्त विभागको प्रतिनिधिसमेतको सहभागितामा गठन गरिएको समितिले कुन वडामा तालिम दिने भन्न छनोट गरेपश्चात् तालिम दिने गरिन्छ । यसपटक गरिबी निवारणका लागि लघु उद्यम विकास तालिम दिनका लागि महानगरपालिकाका ६ र २१ नम्बर वडालाई छनोट गरिएको थियो । उद्यमी बन्न चाहने करिब ९० जनालाई समावेश गरेर तालिम दिइने गरिन्छ । वडा नम्बर २१ मा आठ दिनसम्म सञ्चालन गरिएको तालिममा ३० जनाको सहभागी रहेका थिए ।

## १२ महिलाको उद्धार

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारको प्रलोभनमा परी विदेशिन लागेका १२ नेपाली महिलाको उद्धार गरिएको छ । मानव बेचबिखन अनुसन्धान ब्युरोले मंसिर र पुसमा भारत पुऱ्याइएका १२ महिलालाई राजस्थान, जयपुर अन्तर्राष्ट्रिय विमानस्थलबाट उद्धार गरिएको जनाएको हो ।

ब्युरोका निर्देशक प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठका अनुसार दुबई हुँदै भिजिट भिसामा इथोपियामा वैदेशिक रोजगारीका लागि लैजाने प्रलोभन देखाइ भारतको जयपुरमा उनीहरूलाई राखिएको थियो । ब्युरोको पहलमा भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावास, भारतीय प्रहरी, सामाजिक संस्था (हेल्प क्रस इण्डिया) र नेपालस्थित शान्ति पुनःस्थापना गृहको सहकार्यमा उनीहरूको उद्धार भएको हो ।

उनका अनुसार उद्धार गरिएका अधिकांश ३१ देखि ४० वर्ष उमेर समूहका विवाहित महिला छन् । कतिपय यसअघि वैदेशिक रोजगारमा गएर फर्किएका महिला छन् । नेपालबाट भारत लैजाने क्रममा जोगवनी, काँकडभिट्टा, जमुनाहा, सुनौलीलगायत नाका प्रयोग हुने गरेका छन् । ब्यूरोको तथ्यांकअनुसार पछिल्लो पाँच वर्षमा बेचविखन तथा ओसापसार भएका २१४ महिलाको उद्धार गरिएको छ ।



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

माघ २१ गते, शनिबार

| | |
|---|---|
| मेष | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| वृष | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| मिथुन | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| कर्कट | अरुले आलोचना पनि गर्न सक्छन् । |
| सिंह | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| कन्या | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| तुला | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| वृश्चिक | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| धनु | असर पर्नसक्छ |
| मकर | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| कुम्भ | परोपकारमा रुचि बढ्नेछ । |
| मीन | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

### प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

### अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

### शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

### नेपाल राष्ट्र बैंक

माघ २१ गते, २०७९, ४ फेब्रुअरी, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रेन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**काठको पुल तर्न शुल्क** | कञ्चनपुरको दोदा नदीमाथि बनाइएको अस्थायी काठे पुलबाट साइकल लिएर गन्तव्यतर्फ जाँदै सर्वसाधारण । शुक्लाफाँटा नगरपालिका–१२ र लालझाडी गाउँपालिका–४ का बासिन्दा काठको पुलबाट सवारीसाधन आवतजावत गरेबापत शुल्क तिर्दै आएका छन् । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# 'एकसिंगे गैँडा नेपालको अमूल्य सम्पत्ति'

■ **नारायण अधिकारी**

**चितवन–** प्रधानमन्त्री पुष्पकमल दाहालले एकसिंगे गैँडा नेपालका लागि अमूल्य सम्पत्ति भएको बताएका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले शुक्रबारदेखि जिल्लाको पटिहानीमा आयोजना गरेको गैँडा संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय छलफललाई भिडियो सन्देशमार्फत सम्बोधन गर्दै एकसिंगे गैँडाको सुरक्षामा सरकार संवेदनशील रहेको बताए । उनले गैँडाको सुरक्षाका लागि बासस्थान चुनौतीपूर्ण बन्दै गएको भन्दै सम्बन्धित क्षेत्रका विज्ञको सुझावमा सरकारले योजना ल्याएर वन्यजन्तु जोगाउने बताए । नेपालको प्राकृतिक सम्पदा, गैँडालगायत वन्यजन्तुको बासस्थान भएकै कारण विदेशीहरू नेपाल आउने गरेको र यसले नेपालको आर्थिक विकासमा टेवा पुऱ्याएको उनको भनाइ छ ।

'जनावरको संरक्षणले पारिस्थितिकीय प्रणालीको रक्षा गर्छ । नेपाल सरकारले उचित तरिकाले त्यस्ता जनावरको सुरक्षामा प्रभावकारी काम गर्न प्रतिबद्ध छ,' उनले भने । स्थानीयको सहयोग र सहभागितामा वन्यजन्तु सुरक्षा गरिने प्रधानमन्त्री दाहालको भनाइ छ । विश्वमा भइरहेको वातावरणीय प्रभावको कारण पनि जनावरको संरक्षणमा चुनौती थपिँदै गएको उनले बताए । एसियाका पाँच देशसहित १० देशका संरक्षणकर्मीको सहभागिता रहेको छलफल कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले वन्यजन्तु संरक्षणमा चुनौती थपिँदै गएको बताए ।

दुर्लभ एकसिंगे गैँडा संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो । उनले भने, 'गैँडासहित वन्यजन्तु संरक्षणका लागि विस्तृत योजना बनाएर अघि बढ्नुपर्छ ।' तीनवटै तहका सरकारको संयोजनमा गैँडा संरक्षण गर्नुपर्ने समय आएको उनको भनाइ छ । 'थर्ड राइनो रेञ्ज कन्ट्रिज मिटिङ' नाम दिइएको कार्यक्रममा नेपाल, भारत, भुटान, इण्डोनेसिया र मलेसियाका उच्च अधिकारीहरू सहभागी छन् । उनीहरूले आ-आफ्नो देशमा गैँडा संरक्षणका क्षेत्रमा भएका प्रगतिहरू प्रस्तुत गर्ने छन् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका सूचना अधिकारी डा.गणेश पन्तका अनुसार बैठकमा भेनेजुएयला, संयुक्त अरब इमिरेट्स, केन्या, दक्षिण अफ्रिकालगायतका देशका संरक्षणकर्मीहरू पनि सहभागी भएका छन् । सम्मेलनका सहभागीहरूले गैँडा संरक्षणमा देखिएका चुनौती र भावी योजनाको विषयमा छलफल गर्ने छन् । संरक्षणको विषयमा सामूहिक दायित्व लिएर कसरी अघि बढ्न सकिन्छ भन्ने विषयमासमेत छलफल हुने पन्तले जानकारी दिए । नेपाल विश्वमै एकसिंगे गैँडाको दोस्रो ठूलो बासस्थान हो । भारतको काजिरंगपछि नेपालको चितवन राष्ट्रिय निकुञ्जमा धेरै गैँडा पाइन्छन् ।

विदेशमा गैँडा संरक्षणमा भएका प्रयास र सिकाइलाई आपसमा साटासाट गर्न यो कार्यक्रम सहयोगी बन्ने विश्वास लिइएको छ । कार्यक्रममा संरक्षणका विषयमा भावी योजनासमेत निर्माण गरिने पन्तले बताए ।

पाँच देशका अधिकारीहरूले आफ्नो देशमा संरक्षणका क्षेत्रमा भएका प्रयासबारेमा जानकारी गराएसँगै विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम छ । नेपालका तर्फबाट वातावरणमा आएको परिवर्तनले वन्यजन्तु र बासस्थानमा परेको असर र गैँडा संरक्षणमा भएका कामसँगै शून्य चोरी सिकारी नियन्त्रणका विषयमा कार्यपत्र प्रस्तुत गरिनेछ । शनिबार गैँडाको बासस्थानको अध्ययन गरिने कार्यक्रम छ । यस्तै आइतबार संरक्षणसम्बन्धी चितवन घोषणापत्र सार्वजनिक गरिनेछ ।

छलफलमा ३० विदेशी र ३० जना नेपाली संरक्षण तथा अधिकारी सहभागी छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. महेश्वर ढकाल, राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष डा. कृष्णप्रसाद ओली र विभागका उपमहानिर्देशक अजय कार्कीले भनाइ राखेका थिए । यसअघि 'राइनो रेञ्ज कन्ट्रिज मिटिङ' पहिलोपटक इण्डोनेसिया र दोस्रो भारतको नयाँदिल्लीमा भएको थियो । *रासस*

# चौधरी जेल चलान

■ **प्रभाव संवाददाता**

**अत्तरिया–** प्रतिनिधिसभा सदस्य एवं नागरिक उन्मुक्ति पार्टीका सचेतक अरुणकुमार चौधरी जेल चलान भएका छन् । बिहीबार साँझ कैलाली जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका चौधरीलाई शुक्रबार १० बजे कैलाली जिल्ला अदालतमा उपस्थित गराई कैद पुर्जी लिएर धनगढी कारागारमा चलान गरिएको हो ।

फरार सूचीमा रहेका चौधरीलाई बिहीबार बाँकेबाट पक्राउ गरेको थियो । चौधरीलाई प्रहरीले पक्राउ गरेर नेपालगञ्जबाट जहाजमा काठमाडौं लगेको थियो । काठमाडौंबाट उनलाई बिहीबार नै जहाजमा धनगढी ल्याएको थियो । सांसद चौधरी नौ वर्षदेखि फरार थिए । गत मंसिर ४ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा कैलाली क्षेत्र नं २ बाट निर्वाचित भएका थिए । कैलाली जिल्ला अदालतमा २०६६ भदौ ३ मा लु २ त २११ नम्बरको ट्र्याक्टर जलाएको भन्दै २०६७ भदौ २ मा कैलाली जिल्ला अदालतमा महादेव बजगाईंले चौधरीसहित पर्शुराम चौधरी र वीरबहादुर चौधरीलाई विपक्षी बनाई मुद्दा गरेका थिए ।

वि.सं. २०७० वैशाख ९ मा कैलाली जिल्ला अदालतले सांसद अरुणकुमार चौधरीसहित पर्शुराम र वीरबहादुर गरी तीन जनालाई छ महिना कैद सजाय सुनाएको थियो । अदालतले पीडितलाई आठ लाख १८ हजार ४२३ क्षतिपूर्ति उपलब्ध गराउनेसमेत फैसला भएको थियो ।

# विकासका योजना गाउँमा, मान्छे सहरमा

■ **प्रेमनारायण आचार्य**

| वर्ष | बसाइँ सरी आउने | बसाइँ सरी जाने |
|---|---|---|
| २०७७ | १०८ | ८१८ |
| २०७८ | ३६० | १,३२३ |
| २०७९ मंसिर मसान्तसम्म | २५७ | १,६०२ |
| **जम्मा** | ७२५ | ३,७४३ |

**अर्घाखाँची–** लुम्बिनी प्रदेशको पहाडी जिल्ला अर्घाखाँचीका गाउँगाउँमा विकास पुग्दै छ । साविकका ४२ वटै गाविसका अधिकांश स्थानमा २०६३ सालमै मोटरबाटो पुगेको थियो । पुनर्संरचनापछि बनेका तीन नगरपालिका र तीन गाउँपालिकाका सबै वडामा मोटरबाटो पुग्नाका साथै अधिकांश ठाउँमा बिजुली पनि पुगेको छ ।

सबै वडामा स्वास्थ्य चौकी, घरघरमा खानेपानीका धारा, टेलिफोन टावर र गाउँगाउँमा विद्यालय बने पनि मानिसहरू भने धमाधम बसाइँ सर्दै छन् । गाउँका अधिकांश घर खाली रहेका र मानिस भएका घरमा पनि १६ देखि ५० वर्षसम्मका मानिस भने फाटफुट मात्र भेटिन्छन् । कोहीले बसाइँसराइको कागजपत्र बनाएर बसाइँ सरेका छन् भने कोही भने नबनाइकनै ।

वि.सं. २०७७ वैशाखदेखि चैत मसान्तसम्ममा जिल्लाका तीन नगरपालिका र तीन गाउँपालिकाबाट ८१८ घरपरिवार बसाइँ सरे । वि.सं. २०७८ मा अघिल्लो वर्षभन्दा झन्डै ६२ प्रतिशत बढी घरपरिवार बसाइँ सरे । वि.सं.२०७९ वैशाखदेखि मंसिर मसान्तसम्म एक हजार ६०२ घरधुरीले बसाइँ सरिसके । बसाइँ सर्नेमा सबैभन्दा बढी मालारानी गाउँपालिका बनेको छ । उक्त गाउँपालिकाको पञ्जीकरण शाखाका अनुसार विगत ३२ महिनामा यस गाउँपालिकाबाट एक हजार १२४ घरपरिवार बसाइँ सरेका थिए । सोही अवधिमा अन्य ठाउँबाट १९० परिवार मालारानीमा बसाइँ आएका थिए ।

अन्य पालिकाको तुलनामा सन्धिखर्क नगरपालिकाबाट बसाइँसराइ गर्नेको संया सबैभन्दा थोरै छ । त्यहाँबाट विगत ३२ महिनामा ३३० घरपरिवार बसाइँसराइ गरेर गएको नगरपालिकाको पञ्जीकरण शाखाका कर्मचारी शालिकराम नेपालीले बताए । सो अवधिमा १७८ घरपरिवार अन्यत्रबाट बसाइँ आएका थिए ।

विगत ३२ महिनामा शीतगंगा नगरपालिकाबाट ८९७ घरपरिवार बाहिरिएका र २१५ घरपरिवार भित्रिएका नगरपालिकाका पञ्जीकरण शाखाका धर्म बञ्जाडेले बताए । भूमिकास्थान नगरपालिकाबाट ३४१ घरपरिवारका एक हजार ३७७ व्यक्ति बसाइँसराइ गरेर अन्यत्र गएको नगरपालिकाका कर्मचारी चिरन भुसालले जानकारी दिए । पाणिनी गाउँपालिकाबाट ४३६ घरपरिवार बसाइँसराइ गरेर गएका र ४३ घरपरिवार अन्यत्रबाट बसाइँसराइ गरेर आएको त्यहाँका कर्मचारी माधव घिमिरेको भनाइ थियो ।

यसैगरी छत्रदेव गाउँपालिकामा ६१६ घरपरिवार बसाइँ सरेर अन्यत्र गएको र ७० घरपरिवार भित्रिएको गाउँपालिकाले जनायो । राष्ट्रिय जनगणना २०६८ बमोजिम जिल्लाको कूल जनसंख्या एक लाख ९७ हजार ६३२ रहेकामा पुरुष ८६ हजार २६६ र महिला एक लाख ११ हजार ३६६ थिए । वि.सं. २०७८ सालको जनगणनामा जिल्लाको जनसंख्या घटेर एक लाख ७२ हजार पुगेको थियो ।

स्थानीय, प्रदेश तथा संघका सबै निर्वाचनमा राजनीतिक दलहरूले जिल्लाको बसाइँसराइ रोक्न विशेष योजना सञ्चालन गर्ने तथा युवालाई गाउँमै स्वरोजगार बनाउने कार्यक्रम सञ्चालन गर्ने आश्वासन दिए पनि लागू हुन नसकेको गुनासो स्थानीय युवाहरूको थियो । निर्वाचनमा युवालाई गाउँमै स्वरोजगार बनाउने खालका राम्राराम्रा नारा दिए पनि युवाहरू अहिले रोजगारीका लागि सहरबजार तथा विदेशमा जान बाध्य छन् ।

अधिकांश मानिस शिक्षा, स्वास्थ्य र रोजगारीका लागि बसाइँसराइ गर्ने गरेको सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए । सुपा देउराली, अर्घा भगवती, पाणिनी तपोभूमि, खाँचीकोट भगवती, छत्र महाराज, मालारानी, नर्सिहस्थान, सिद्धेश्वर शिवालयलगायत ठाउँमा पर्यटनको सम्भावना भए पनि प्रचारप्रसार र रोजगारी बढाउने योजना भने अझै बनेको छैन ।

जिल्लाका छवटै पालिकामा बसाइँसराइ कम गर्न कृषि, उद्योग, पर्यटन, पशुपालन, नगदे बालीलगायतलाई प्राथमिकता दिनुपर्ने, विभिन्न आयशुक्रबार्रनसँग सम्बन्धित व्यवसायलाई प्रोत्साहन दिनुपर्ने, स्थानीय प्राकृतिक स्रोत र साधनको उचित प्रयोग गरिनुपर्ने विकासका पूर्वाधार दिगो विकासको नीतिअनुरूप अघि बढाउनुपर्ने प्रस्ताव अघि बढाइएको थियो ।

बसाइँसराइ निरन्तर प्रक्रिया भए पनि पछिल्लो समय वैदेशिक रोजगारीले गर्दा पनि बसाइँ गर्ने बढेका र बढ्दो सहरीकरण, सेवासुविधा उपलब्ध, सुरक्षालगायत कारणले आन्तरिक बसाइँसराइको मात्र बढ्दै गएको हो । अर्घाखाँची विप्रेषण आउने जिल्लामध्ये अग्रपंक्तिमा रहे पनि प्राप्त रकम उत्पादनशील क्षेत्रमा लगाउने वातावरण नहुँदा अन्यत्र श्रम बेच्ने मानिस उत्पादन गर्ने थलो बनेको स्थानीयवासीको गुनसो थियो ।

अर्घाखाँचीबाट झण्डै ४५ हजार युवा तथा युवती भारत, कतार मलेसिया, साउदी अरब, दुबईलगायत मुलुकमा छन् । साथी बचत तथा ऋण सहकारी र अर्घाखाँची जिल्ला बचत तथा ऋण सहकारी सस्थाले दुई वर्षअघि गरेको अनौपचारिक सर्वेक्षणअनुसार जिल्लामा भित्रिएको रेमिटचान्सको ८० प्रतिशत रकम विलासिता र अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ ।

युवा जनशक्तिलाई विदेश पठाएर आएको पैसाको सदुपयोग गर्ने खालको योजना कुनै पनि पालिकाको नभएको र स्थानीय सरकारले व्यवसाय र स्वरोजगार मुखी कार्यक्रम ल्याउन नसक्दा पनि रेमिटचन्साको रकम बाहिरिने गरेको हो ।

वार्षिक झण्डै साढे सात अर्ब रूपैयाँ अर्घाखाँची भित्रने गरे पनि तीन अर्ब अर्थात् ४० प्रतिशत रकम दैनिक उपभोग्य सामग्री, खानपान, मोटरसाइकल, कार, इन्धन, लत्ताकपडा, मोबाइल, सञ्चार तथा टेलिफोनमा खर्च हुने गरेको स्थानीय सहकारी संस्थाको अनुमान छ । ४० प्रतिशत रकम अर्थात् तीन अर्ब उत्पादन नहुने क्षेत्र (घडेरी र घरमा) खर्च हुने गरेको देखिएको अर्घाखाँची जिल्ला बचत सहकारी संस्थाका अध्यक्ष प्रकाश भुसालले बताए । उनका अनुसार जिल्ला सदरमुकाम र कपिलवस्तुका विभिन्न भाग तथा रूपन्देहीको बुटबल, भैरहवा, दाङ, चितवन र काठमाडौंमा घर घडेरी उक्त रकम खर्च भएको छ ।

बाँकी रहेको २० प्रतिशत रकम मात्र कृषि फार्म, साना होटल, किराना पसल र ट्याक्सी तथा बसजस्ता उत्पादनशील क्षेत्रमा खर्च भइरहे पनि सम्बद्ध व्यावसायीले बीचैमा व्यवसाय छाड्ने गरेका पाइन्छ । गाउँका अधिकांश बारी तथा खेत बाँझै छन् । सबै घरमा वृद्धवृद्धा मात्र छन् । अधिकांश श्रीमान्हरू रोजगारीका लागि विदेश र श्रीमतीहरू छोराछोरी पढाउन भनेर सहर झरेका छन् । *रासस*

# ट्रकको ठक्करबाट चालक र सहचालकको मृत्यु

**झापा (प्रस)–** शिवसताक्षी नगरपालिका-१ धरमपुरमा दुईवटा ट्रक एकापसमा ठोकिँदा शुक्रबार बिहान दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा ना३ख ८३११ नम्बरका चालक मदन चौधरी र सोही ट्रकका सहचालक रहेका छन् । सहचालकको नाम खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता वसन्त पाठकले बताए ।

उनका अनुसार पूर्वपश्चिम राजमार्गमा पश्चिमबाट पूर्व आउँदै गरको ना६ख ८८९५ नम्बरको ट्रकलाई पछाडिबाट जाँदै गरेको ना३ख ८३११ नंको ट्रकले ठक्कर दिएको थियो । सोही ठक्करबाट चौधरी र सहचालकको मृत्यु भएको हो ।


## Bodebarsain Municipality
## Office of the Municipal Executive
**Bodebarsain, Saptari**
**Madesh Province, Nepal**

**INVITATION FOR BIDS**

**IFB No: BBMS/NCB/Works/2079/080-06**
**First Date of Publication: 2079/10/21 (4th Feb 2023)**

1. Bodebarsain Municipality, Office of the Municipal Executive invites Open Competitive Biddings from Nepalese eligible bidders for the construction Works given in table below, under National Competitive Bidding procedures.

| S.N | Contract Identification Number | Work Description | Estimated Amount With VAT (Nrs.) | Bid Security Amount (Nrs) |
|---|---|---|---|---|
| 1 | BBMS/NCB/Works/ 2079/080-07 | Nagarpalika Agadiko Adhuro RCC Dhalan | 4857334.14 | 122000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bodebarsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari.
3. A complete set of Bidding Documents may be purchased from the Bodebarsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 3000 till 2079/11/21 (5th Mar 2023) during office hours.
4. Sealed bids must be submitted to the Bodebarsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari by hand or courier on or before 12:00 noon on 2079/11/22(6th Mar 2023) . Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2 p.m on 2079/11/22 (6th Mar 2023) at the office of Bodebarsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari. Bids must be valid for a period of 3 months after bid opening .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संघमा चुनिएका नयाँ नेतृत्वको चुनौती

**म्यानपावर व्यवसायीहरूको साझा संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघको महाधिवेशनले आगामी दुई वर्षका लागि नयाँ नेतृत्वको चयन गरिसकेको छ । मुलुकमा बढ्दै गइरहेको बेरोजगारी समस्याको महत्त्वपूर्ण पाटो हो वैदेशिक रोजगार । मुलुक धानिरहेको रेमिटचान्सको मुख्य स्रोत पनि हो वैदेशिक रोजगार । यही क्षेत्रमा व्यवसाय गरिरहेका कम्पनीका सञ्चालकहरू नेतृत्व हाँक्न तयार देखिएका छन् ।**

**विगतदेखिको अभ्यास हेर्ने हो भने संस्थाको नेतृत्वमा पुग्ने अनि आफ्नो स्वार्थ अनुकूलका कार्यहरू मात्र गर्ने गरिएको देखिन्छ । वैदेशिक रोजगारीमा जाने युवाहरूको सुरक्षाका लागि भन्दा पनि व्यवसायीहरू बढी मुनाफा कसरी लिन सकिन्छ भन्नेमा नै व्यवसायीहरू केन्द्रित रहेका छन् । अबको यात्रा व्यवसायीहरूले बढीभन्दा बढी मुनाफा कमाउने मात्र होइन आफूले वैदेशिक रोजगारीमा पठाएका श्रमिकहरूको सुरक्षाको सवाल पनि उठाउन सक्नुपर्ने देखिन्छ ।**

**वर्तमान सरकारका नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीले शपथग्रहण गरेसँगै बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गर्ने घोषणा गरिसकेका छन् । यो अवस्था वैदेशिक रोजगारका क्षेत्रमा काम गर्ने व्यवसायी र कम्पनीहरूलाई पनि चुनौती हो भन्दा फरक नपर्ला । हुन त वैदेशिक रोजगार नेपाली युवाहरूको बाध्यात्मक अवस्था नै हो । यसमा कसैको दुईमत नहोला । यही बाध्यात्मक अवस्थाको फाइदा उठाउँदै कतिपय वैदेशिक रोजगार कम्पनीहरूले नेपाली युवाहरूमाथि आर्थिक शोषण नगरेका पनि होइनन् । जसका कारण वैदेशिक रोजगार कम्पनीहरू बद्नाम हुँदै गइरहेका पनि छन् । यसको जिम्मेवारी व्यवसायी एवं संघको नेतृत्वपंक्तिले लिनै पर्दछ ।**

**वर्तमान सरकार मात्र नयाँ छैन अब वैदेशिक रोजगार संघको नेतृत्व पनि नयाँ चुनिएको छ । नयाँ चुनिने नेतृत्वले आफ्नो पेसा र व्यवसायलाई मर्यादित बनाउनुपर्ने जिम्मेवारी ठूलो चुनौतीका रूपमा देखिन्छ । निर्वाचनका बेला व्यवसायलाई मर्यादित, पारदर्शी बनाउने प्रतिबद्धता व्यक्त गर्ने तर नेतृत्वमा पुगे पनि आफ्नो प्रतिबद्धतालाई पूर्णरूपमा बिर्सने परिपाटी रहँदै आएको छ ।**

**कोभिड–१९ पश्चात् देशभित्र मात्र होइन देशबाहिर पनि रोजगारीका अवसरहरू क्रमश साँघुरिँदै गइरहेका छन् । हरेक वर्ष हजारौं युवाहरू रोजगारीको अभावले भौतारिरहेका छन् । एकातिर सरकारले युवा जनशक्तिलाई दक्ष जनशक्तिका रूपमा परिवर्तन पनि गर्न सकेको छैन भने अर्कोतिर रेमिटचान्सको लागि मुख्य स्रोत व्यक्तिका रूपमा रहेका तिनै युवाहरू सीपविना नै वैदेशिक रोजगारीमा पुगिरहेका छन् । त्यसकै कारण युवाहरू अलपत्र पर्ने, रोजगारी कम्पनीले तोकेको सेवा सुविधा उपलबध नगराउने गर्दै गुनासो आइरहेको छ । यसका लागि वैदेशिक रोजगारीका लागि पठाउने व्यवसायीहरूले विगतमा भएका गल्तीहरूलाई सच्याउँदै यो व्यवसायलाई सम्मानित व्यवसायका रूपमा स्थापित गराउनु वर्तमान आवश्यकता पनि हो । संघमा आएको नयाँ नेतृत्वले यसमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । चुनावमा विभिन्न दलगत प्यानलबाट खुलारूपमा व्यवसायीहरू प्रतिस्पर्धामा उत्रिएका थिए । जुनसुकै प्यानलले जित हात पारे पनि भोलि समग्र व्यवसायीहरूको साझा संस्थाको रूपमा संघलाई अगाडि बढाउन सक्नुपर्छ । त्यसरी अगाडि बढाउनसक्ने व्यक्तिलाई संघको नेतृत्वमा ल्याउन व्यवसायीहरू चुक्नु हुँदैन ।**

# त्रेता युग सम्झाउने जनकपुरधाम

▶▶ अजयकुमार साह

*याह छी हमर जनकपुर,*
*यी सीताके जनकपुर*
*यी जनक गाम जनकपुर,*
*यी हमरा अहाँक जनकपुर*

*(अर्थात् यो हो हाम्रो जनकपुर, सीताको जनकपुर, जनकको नगरी जनकपुर, तपाईं हामी सबैको जनकपुर)*

प्राचीन मिथिलाको राजधानी तथा मधेस प्रदेशको राजधानी जनकपुरधाम पुरातात्त्विक सम्पदा, संस्कृति र मिथिला कलाले जति धनी छ, धार्मिक गन्तव्यका दृष्टिले पनि त्यत्तिकै वैभवपूर्ण छ ।

हिन्दू धर्मावलम्बीको विशेष आस्थाको केन्द्र जनकपुरधाम धार्मिक तथा पर्यटकीय नगरीमध्ये एक महत्त्वपूर्ण स्थल हो । पछिल्लोपटक भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथबाट यहाँको भ्रमणले जनकपुर हेर्न विश्वका पर्यटक लालायित हुन थालेका छन् । धार्मिक पर्यटनको प्रशस्त सम्भावना बोकेको जनकपुरधामलाई ५२ कुट्टी ७२ कुण्डको सहरको नामले पनि चिनिन्छ । यहाँ पाइलैपिच्छे विभिन्न देवीदेवताका आकर्षक मठमन्दिर र तालतलैया छन् ।

> प्राचीनकालदेखि ज्ञानविज्ञान, धर्मदर्शन, कलासंस्कृति क्षेत्रमा प्रसिद्धि कमाएको जनकपुरलाई आकर्षक पर्यटकीयस्थलका रूपमा विकास गर्न सके यहाँका नागरिकको जीवनस्तरमा उल्लेख्य सुधार आउन सक्छ । मिथिलाका प्रचलित चाडपर्व विवाहपञ्चमी, रामनवमी, छठ, मिथिला परिक्रमा, होली तथा मिथिला लोकगीत र नृत्यको आयोजना गरी साँस्कृतिक मनोरञ्जन पनि पर्यटकलाई दिन सकिन्छ ।

जनकपुरमा हरेक रामनवमी, जानकी नवमी, रामजानकी विवाह महोत्सव, कोजाग्रत पूर्णिमामा, झुला महोत्सव र १५ दिने मिथिला माध्यमिकी परिक्रमा ठूलो मेला लाग्छ । जानकी मन्दिर निर्माणको सवा सय वर्ष नाघे पनि यसमा स्थापित राम र जानकीका प्रतिमा झण्डै ७०० वर्ष पुरानो भएको संस्कृतिविद्को भनाइ छ । मन्दिरका नाममा अहिले पनि सयौं बिघा जग्गा छ । मन्दिरभित्र त्रेतायुगलाई स्मरण गराउने संग्रहालय रहेको र यसमा रामसीता, राजा जनकलगायतका पहिरनको नमूना र विभिन्न कलात्मक प्रतिमा देख्न सकिन्छ ।

जानकी मन्दिरमा विगत ५६ वर्षदेखिको अखण्ड रामसीता भजन पनि अवलोकन गर्न सकिन्छ । मन्दिर अवलोकन एवं घुमघामका लागि यहाँ दैनिक हजारौं श्रद्धालु भक्तजन एवं आन्तरिक तथा बाह्य पर्यटक पनि आउने गर्छन् ।

### रामजानकी विवाहमण्डप

जानकी मन्दिरसँगै उत्तर छेउमा टाँसिएको रामजानकी विवाहमण्डपमा त्रेतायुगको रामसीताको विवाहको झझल्को हेर्न सकिन्छ । विवाहमण्डपमा आकर्षक फूलबारीसमेत छ । पछिल्लो समय यो विवाहमण्डप मानिसको विवाह गर्ने तथा विवाहका लागि निर्णय लिने स्थलका रूपमा विकसित हुन थालेको छ ।

मणिमण्डपमा नुहाउन पुग्छन् ।

### महागंगा आरती

गंगासागरमा सन्ध्याकालमा सधैं महागंगा आरती हुने भएकाले त्यहाँ स्थानीय भक्तजन एवं पर्यटकको घुइँचो लाग्ने गर्दछ । धार्मिक एवं ऐतिहासिक तलाउ गंगासागर चार वर्ष अघिसम्म फोहोरमैलाको चपेटामा परेकामा जनकपुरकै सबैभन्दा स्वच्छ सरोवरका रूपमा लिइने र यहाँ नित्य साँझ भजन-प्रार्थना हुने गर्दछ ।

### स्वर्गद्वार तथा बाबा भूतनाथ मन्दिर

फोहोरै फोहोरले भरिएको र मुर्दा जलाइने ठाउँ अहिले स्वर्गद्वारको रूपमा परिचय बनाएको छ । चिटिक्क परेको ठाउँ, रंगीविरंगी फूल भएको भूतनाथको मन्दिरसँगै रहेको आधुनिक दाहसंस्कारस्थल मसानघाट मात्र होइन अहिले पर्यटकीय गन्तव्य बनेको छ । जनकपुरका समाजसेवी पवन सिंहानियाले चन्दा संकलन गरी स्वर्गद्वार निर्माण गराएका हुन् ।

### धनुषाधाम मन्दिर

धनुषामै पर्ने जनकपुरभन्दा बाहिरको प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल धनुषाधाम पनि हो । रामायणसँगै सम्बन्धित धनुषाधाममा धनुष मन्दिर छ । राजा जनकले छोरी जानकीको विवाहका लागि आयोजना गरेको सीता स्वयंवरमा रामले भाँचेको धनुषको एक टुक्रा आकाश, अर्को पाताल र अर्को मध्य टुक्रा धनुषाधाममा झरेको किंवदन्ती छ । 'विष्णु पुराण'का अनुसार त्रिपुरासुर संगम भएपछि दधिचि ऋषिको हाडबाट बनेको धनुष परशुरामलाई दिइएको थियो । परशुरामले उक्त धनुष राजा जनकलाई दिएका थिए ।

राजा जनकले उक्त धनुष तोड्नेसँग नै आफ्नी छोरीको बिहे गरिने सर्त राखेकामा रामले ताँदो चढाउँदा भाँचिएको धनु त्यहाँ खसेकाले जनकपुरको पोखरी धनुषसागरले चिनिन्छ । धनुषको मध्य टुक्रा झरेको स्थानमा धनुषबाबाको मन्दिर निर्माण गरिएको छ । सो धनुषको टुक्रालाई पूजाअर्चना गर्ने गरिन्छ । धनुषाधाममा १५ दिने मध्यमा परिक्रमाका क्रममा एक दिन विश्राम गरिन्छ । यहाँ बर्सेनि माघको प्रत्येक आइतबार मकर मेला आयोजना हुन्छ ।

### रामानन्द प्रवेशद्वार

जनकपुरमा प्रवेश गर्नेबित्तिकै एउटा ठूलो प्रवेशद्वार देखिन्छ । रामानन्द प्रवेशद्वारको माथि स्वामी रामानन्दको प्रतिमा छ । आर्किटेक्ट इञ्जिनियर शंकरनाथ रिमालले डिजाइन गरेको सो प्रवेशद्वार एसियाकै सबैभन्दा ठूलो प्रवेशद्वार मानिन्छ ।

'विष्णु पुराण,' 'वायु पुराण, 'शतपथ,' 'भागवत्,' 'वाल्मीकि रामायण,' र 'वृहदारण्यकोपनिषद्' जस्ता धार्मिक ग्रन्थमा पुण्यभूमि, तपोभूमि र सर्वश्रेष्ठ तीर्थका रूपमा जनकपुरलाई उल्लेख गरिएको छ । जनकपुरक्षेत्रका जलेश्वर र गिरिजास्थानको पनि धार्मिक पर्यटनमा महत्त्वपूर्ण स्थान छ । यस्ता प्रशस्त धार्मिक क्षेत्र रहेको प्राचीन मिथिलाको राजधानी र अहिले प्रदेश २ को राजधानी जनकपुरमै भएकाले पनि पर्यटन क्षेत्रको तीव्र विकास हुनुपर्ने सरोकार भएकाहरू बताउँछन् ।


प्राचीनकालदेखि ज्ञानविज्ञान, धर्मदर्शन, कलासंस्कृति क्षेत्रमा प्रसिद्धि कमाएको जनकपुरलाई आकर्षक पर्यटकीयस्थलका रूपमा विकास गर्न सके यहाँका नागरिकको जीवनस्तरमा उल्लेख्य सुधार आउन सक्छ । मिथिलाका प्रचलित चाडपर्व विवाहपञ्चमी, रामनवमी, छठ, मिथिला परिक्रमा, होली तथा मिथिला लोकगीत र नृत्यको आयोजना गरी साँस्कृतिक मनोरञ्जन पनि पर्यटकलाई दिन सकिन्छ ।

जनकपुर विवाह भूमि वा आदर्श भूमिको रूपमा स्थापित भएकाले विवाह गन्तव्यस्थलका रूपमा पनि विकसित गर्न सकिने संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडी बताउँछन् । अग्निकुण्ड, विहारकुण्ड, रसिक निवास, हनुमान दरबार, रानीपाटी, पीपरा कुटी पनि आकर्षणका केन्द्र हुन् । गंगासागर, धनुषसागर, रामसागर, रत्नसागर, ज्ञानकुप, अग्निकुण्ड, अरगजा, दशरथसर, गोडधोइ, पापमोचनिसर, लक्ष्मणसागर जस्ता ५२ कुटी र ७२ कुण्डको प्रचारप्रसार हुनसके यहाँको पर्यटन विकासमा निकै टेवा पुग्ने देखिन्छ ।

### स्थानीय सरकारको चासो

पछिल्लो समयमा यस क्षेत्रको पर्यटन प्रवर्द्धन र विकासका लागि स्थानीय तथा प्रदेश र संघीय सरकारले चासो दिएका छन् । संघीय सरकारले पर्यटन कार्यालय जनकपुर, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मार्फत लगानी पनि गर्दै आएकाले मध्य तराईको सप्तरीदेखि सर्लाहीसम्मका धार्मिक पर्यटकीयस्थल र प्राकृतिक सम्पदाको संरक्षण सम्वर्द्धन र पूर्वाधार निर्माणमा केही हदसम्म सहयोग पुगेको छ ।

नेपाल पत्रकार महासंघ मधेस प्रदेशका अध्यक्ष राजेश कर्ण प्राचीन धार्मिक महत्त्व बोकेको जनकपुरको बारेमा पर्याप्त प्रचारप्रसार हुन नसकेको बताउँछन् । जनकपुरको पर्यटन विकासका लागि जनकपुर-चितवन-लुम्बिनी-पोखराको संयुक्त कार्यक्रम बनाएर अघि बढ्न सके विश्वकै नमूना पर्यटकीय गन्तव्यस्थल बन्न सक्ने पर्यटन व्यवसायी रूपेश सिंहको भनाइ छ । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साह जनकपुरले सहरका सबै मापदण्ड पूरा गरेको बताउँछन् । *रासस*



जानकी मन्दिरलगायत राममन्दिर, राजदेवी मन्दिर, लक्ष्मण मन्दिर, जनक मन्दिर, गंगा सागर, धनुषा सागर, अरगजा सागरलगायत दर्जनौं तालतलैया र मठमन्दिर छन् । बिहानैदेखि यहाँका मठमन्दिरमा गुञ्जिने मैथिली गीतसंगीतले पर्यटक तथा श्रद्धालु भक्तजनलाई मन्त्रमुग्ध बनाइदिन्छ ।

रामजानकी विवाहपञ्चमी महोत्सव, विजयादशमी, दीपावली, छठ पर्व, रामनवमी, जानकी नवमीलगायत चाडपर्वमा जनकपुरधामलाई बेहुलीझैं सिँगारिने गरिन्छ । अंग्रेजीको नयाँ सम्वत् २०२३ मनाउन जनकपुरधाम आउनेले अहिलेदेखि नै यहाँका होटल बुक गराएर राखेको पर्यटन व्यवसायी तथा होटेल बेलकमका सञ्चालक अभिषेक झुनझुन बाला बताउँछन् ।

### यसरी गरौं घुमघाम

भारत मध्यप्रदेशस्थित टीकमगढकी राजकुमारी वृषभानुकुमारीले नौ लाख रूपैयाँको चाँदीका असर्फी खर्चेर जानकी मन्दिर निर्माण गराएकीले यसलाई नौलखा मन्दिर पनि भन्ने गरिन्छ । सन् १८९४ मा शिलान्यास भई सन् १९११ मा मुगल शैलीमा निर्माण भएको यस मन्दिर नेपालकै उत्कृष्ट कलाको नमूना मानिन्छ ।

### मणिमण्डप

पौराणिककालमा राजा जनककी छोरी सीता र दशरथका छोरा रामको विवाह मणिमण्डपमा भएको जनविश्वास छ । मैथिली परम्परामा मडवा बनाइ वैवाहिक कार्यक्रम सम्पन्न गरिने चलन छ । त्यहाँ रहेको करिब दुई मिटर लामो र त्यत्तिकै चौडा माटोको ढिस्को नै मडवा (मण्डप) हो भन्ने जनविश्वास छ । प्रचारप्रसारको अभावमा ओझेलमा परेको मणिमण्डप संरक्षण प्रचारप्रसारले पर्यटकको रोजाइमा पर्न थालेको छ । उक्त मणिमण्डप जानकी मन्दिरबाट झण्डै चार किलोमिटर उत्तरपश्चिम जनकपुरधाम उपमहानगरपालिका-१३ स्थित रानीबजारमा अवस्थित छ ।

सो स्थानमा चार वर्षअघि उत्खनन गर्दा माटाका विभिन्न भाँडा, प्राचीन चुलो, खरानीलगायत फेला परेकाले प्राचीनकालमा त्यहाँ बस्ती भएको हुनसक्ने अनुमान गरिएको थियो । सोही चुलोमा सीता-रामको विवाहका बेला लावा भुटिएको धार्मिक मान्यतामा विश्वास गर्नेहरूको विश्वास छ ।

मणिमण्डपमा रहेको मन्दिरमा सीता-रामको दिव्यमूर्ति छ । मन्दिरको अगाडि रहेको पोखरीमा स्नान गर्नाले पापबाट मुक्ति मिल्ने जनविश्वास छ । विवाहपञ्चमीका अवसरमा हजारौं भक्तजन

## मननयोग्य

### चाणक्य नीति

राक्षस र पुरुले एउटै कुरा सोच्न लागे कदाचित् चन्द्रगुप्त विजयी भए उनको शक्ति अरू पनि बढ्छ फेरि उनलाई जित्न असम्भव हुन्छ यदि चन्द्रगुप्तलाल मारिए भने मुनानीले फेरि हामीसँग भिड्न सोच्नेछ र चन्द्रगुप्त मरेमा हाम्रो उद्देश्य सिद्ध हुँदेन, चाणक्य त्यो शक्ति हो जसले दश चन्द्रगुप्त पैदा गर्दछ-राक्षसले भने ।

यता यो सोचविचार भइरहेथ्या पुनः एक घोडचढी आएको आवाज आयो केही बेरपछि कुनै सैनिक रक्ताम्य भई आइरहेछ । त्यो पुरुको सेनानायक थियो । नजिक आई हतारिदै भन्यो-युद्धभूमिको त पासै पल्टियो । चन्द्रगुप्तको पराजय निश्चित थियो । उनले कसरी तुफानको रूप धारण गरे, कुरा कुरैमा सेल्युकसलाई बन्दी बनाइदिए । अनि ... ।

अनि के, राक्षसले आवेश र जिज्ञासाले सोधे ।

अनि चाणक्यका आज्ञाले सबै नियम तोड्दै सेल्युकसलाई सहायता दिने राजा आम्भी र उनका छोरालाई मृत्युलोक पुयाइदिए- सैनिकले उत्तर दिए । यो मुनी राक्षस, पुरु, मलय तीनैजना आवेशमा यताउति टहलन लागे । पुरुले भने लाग्छ चाणक्यलाई हाम्रो कुचक्रको बारे थाहा भयो ।

सेनानायकले भने- 'मैले बुझ्न सकिन, चन्द्रगुप्तलाई कसरी हामीप्रति विश्वास भयो । जुन समय चन्द्रगुप्त युनानीसँग घोर युद्ध गरिरहेथे । त्यसबेला हामी सहायताका लागि नजिकै खड°ा थियौं । हाम्रो सेना प्रधानसेनापतिको आज्ञाको प्रतीक्षामा थियो तर जब आज्ञा आउन ढिलो भयो हाम्रा तर्फबाट कुनै सहायता भएन । थाहा छैन चन्द्रगुप्तको सेनामा के सांकेतिक शब्द भयो, उनको एक टुकुडी हामीमाथि आइलाग्यो । हामी यो अपर्झटको हमलाका लागि तयार थिएनौं । हाम्रा धेरै सैनिक मरे । केही सैनिक मात्र प्राण बचाएर भाग्न सफल भयौं ।' क्रमशः

## पत्र–मञ्जुषा

# देशको अवस्था सुधार्न लागौं

पछिल्लो समय नेपालीहरूमा विदेशमोह लागेको छ । पैसा हुने होस् या नहुने, सबै विदेश जान चाहन्छन् । बच्चा होस् या बूढा सबैको जिब्रोमा छ, विदेश । सर्वसाधारणदेखि व्यापारी, सरकारी कर्मचारीदेखि राजनीतिक दलका नेताहरूलेसम्म आफ्ना छोराछोरी विदेश नै पठाउँछन् ।

